आ.व.२०८३/८४
बैठकः गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादर महतरा क्षेत्री

बैठक संख्याः४/२०८३/०८४
मिति : २०८३/०७/१८
स्थानः झि.गा.पा. सभाहल
समय : बिहानकोः ८:३० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

हस्ताक्षर	नाम, थर	पद	ठेगाना	कार्यपालिका
	पित बहादुर महतरा क्षेत्री	गा.पा. अध्यक्ष	झि.गा.पा.-३	अध्यक्ष
	प्रमोद पोखेल	गा.पा. उपाध्यक्ष	झि.गा.पा.-३	सदस्य
	धुबराज खनाल	वडा अध्यक्ष	झि.गा.पा.-१	सदस्य
	कृष्ण प्रसाद पोखेल	वडा अध्यक्ष	झि.गा.पा.-२	सदस्य
	मिनबहादुर खत्री	वडा अध्यक्ष	झि.गा.पा.-३	सदस्य
	सिताराम पोखेल	वडा अध्यक्ष	झि.गा.पा.-४	सदस्य
	दधिराम पोखेल	वडा अध्यक्ष	झि.गा.पा.-५	सदस्य
	धन बहादुर पुन	वडा अध्यक्ष	झि.गा.पा.-६	सदस्य
	कृष्ण बहादुर जि.सी.	वडा अध्यक्ष	झि.गा.पा.-७	सदस्य
	तुलस बहादुर बस्नेत	वडा अध्यक्ष	झि.गा.पा.-८	सदस्य
	संगिता परियार	द. महिला वडा सदस्य	झि.गा.पा.-८	सदस्य
	पार्वता बि.क.	द. महिला वडा सदस्य	झि.गा.पा.-४	सदस्य
	तुलसा के.सी.	महिला वडा सदस्य	झि.गा.पा.-४	सदस्य
	कल्पना थापा (एम.सी.)	महिला वडा सदस्य	झि.गा.पा.-३	सदस्य
	चोप बहादुर बि.क.	अल्पसख्यक सदस्य	झि.गा.पा.-१	सदस्य
	हरी सुनार	अल्पसख्यक सदस्य	झि.गा.पा.-४	सदस्य
	अमरराज सेजुवाल	प्रमुख प्रशासकीय अधिकृत	झि.गा.पा.	सचिव

अन्य उपस्थिति/आमन्त्रित

अरविन्द महत	आर्थिक प्रशासन शाखा प्रमुख
पुष्प राना	शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
ई.अशोक जि.सी.	पूर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख
दामोदर उपाध्या	का.स.

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।

निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८३/०६/०९ गते बसेको आ.व.२०८३/८४ को तेस्रो बैठकको निर्णय अनुसार झिमरुक आधारभूत अस्पतालको अन्तिम मूल्याङ्कन कार्यको लागि जिल्ला समन्वय समितिको कार्यालयमा प्राविधिक कर्मचारी (स्ट्रक्चरल इन्जिनियर) खटाई सहयोग गरिदिन अनुरोध गरिएकोमा हालसम्म प्राविधिक खटी नआएको हुँदा उक्त काम बाँकी रहेको, चिस्यान केन्द्र सञ्चालन कार्यविधि संशोधन सहित पारित गरिएको हुँदा सशोधित कार्य विधि अनुसार सार्वजनिक सूचना गरिएकोमा कुनै फर्म/कम्पनीको निवेदन दर्ता नभएको, प्रदेश सशर्त अनुदान तर्फको भकारो सुधार कार्यक्रम सञ्चालनको लागि वडा र बस्ति छनोट गरिएकोमा सो को काम प्रक्रियामा रहेको, झिमरुक गाउँपालिकाको १५ शैयाको आधारभूत अस्पताल भवनको लागि आवश्यक पर्ने उपकरण, प्रयोगशाला सामाग्री, औषधी र सैया खरिदको लागि रु १ करोड २२ लाख विनियोजन गरिएकोमा सो रकमबाट उल्लिखित सामाग्री खरिदको लागि प्रक्रिया अगाडि वढाईएको, प्रदेश लोकसेवा आयोगको माग फारम सम्बन्धी परिपत्र अनुसार विरगञ्ज महानगरपालिकाको कार्यालयमा काजमा खटि जानुभएका ईन्जिनियरको काज फिर्ताको लागि विरगञ्ज महानगरपालिका र भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म कुनै प्रतिक्रिया नआएको, उपभोक्ता समितिहरुको दर्ता प्रक्रिया सम्बन्धमा झिमरुक गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि,२०८० पहिलो संशोधन २०८३ स्वीकृत गरिएको हुँदा सोही अनुसार कार्य प्रक्रिया अगाडि वढेको, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान तर्फको स्वास्थ्य संस्था पूर्वाधार निर्माण तथा खोप क्लिनीक भवन निर्माण कार्यको लागि रु २२ लाख विनियोजन भई आएको हुँदा वडा नं. १ देखि ८ सम्मका स्वास्थ्य संस्था र खोप क्लिनीक भवनको माग र आवश्यकतालाई मध्यनजर गरी प्राथमिकीकरण गर्न बाँकी रहेको, स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन २०८२/८३ को यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट ८०.४ अंक दाविकासाथ प्रारम्भिक मूल्याङ्कन सम्पन्न भएकोले थप पृष्ठ पोषणको लागि जिल्ला समन्वय समितिको कार्यालयमा पेस गरिएकोमा पृष्ठ पोषण भई आएको, व्याक हु लोडर कोषमा जम्मा भएको रकमबाट रु १० लाख व्याक हु लोडर मर्मत र रु १० लाख व्याक हुँ लोडर ईन्धन खर्चको लागि रकम विनोयोजन गरिएकोमा सोही वमोजिम मर्मत र ईन्धन खर्च भुक्तानी गरिएको, २ (दुई) वटा वडाहरूमा समुदाय परिचालक व्यवस्थापन एवं परिचालन कार्यका लागि हाल कार्यक्षेत्र रहेको संस्था सहकर्मी समाज नेपाललाई जानकारी गराएकोमा हालसम्म सहकर्मी समाज नेपालबाट कुनै प्रतिक्रिया नआएको, झिमरुक गाउँपालिको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गर्ने निर्णय भएकोमा सो कार्य प्रक्रियामा रहेको लगायतका विषयमा समिक्षा गरियो ।

प्रस्ताव नं २ ठेक्का नलागेका घाटहरुमा अमानतबाट गिट्टी, ढुंगा, बालुबाको राजश्व उठाउने सम्बन्धमा।

निर्णय नं. २

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र आ.व. २०८३/८४ मा तपसिल बमोजिमका घाटहरूबाट नदीजन्य पदार्थ संकलन, उत्खनन र बिक्री गर्नको लागि पहिलो पटक मिति २०८३/०४/२९ गते र दोस्रो पटक मिति २०८३/०६/०२ गते समेत क्रमशः ई–ठेक्का र हार्डकपी ठेक्का लगाउँदा ठेक्का प्रक्रियामा कुनै फर्म/कम्पनी सहभागी हुन इच्छुक नरहेकोले नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको राजस्व अमानतबाट संकलन गर्ने सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । साथै सो कार्ययोजना अनुसार अमानतबाट तत्काल राजश्व संकलन गर्ने सर्वसम्मत रूपमा निर्णय गरियो ।

तपसिल

सि.नं.	उत्खनन क्षेत्र घाटहरूको नाम	ठेगाना	उत्खनन् परिणाम (घन मिटर)
१.	(झिमरुक र गर्तङ्ग) दोभान छाप्रे क्षेत्र र गर्तङ्ग खोला (बालुवा) क्षेत्र JRM/SQ/REV/03/2083/084	झिमरुक–७, ५ र १	३०३८.००
२.	झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (१), झिमरुक खोला चिसाबाङ्ग रातटारि क्षेत्र (२), झिमरुक खोला गुडगुडे रह क्षेत्र (१), झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) JRM/SQ/REV/04/2083/084	झिमरुक–६ र ७	३,१८०.१०

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं ३. क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यविधि र शिक्षक तथा कर्मचारी बैक व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा शिक्षा, युवा तथा खेलकुद विकास शाखाबाट मस्यौदा तयार भई आएका झिमरुक गाउँपालिकाको एक मात्र क्याम्पस गौमुखी बहुमुखी क्याम्पसलाई अनुदान उपलब्ध गराउने र शिक्षक/कर्मचारी बैक सम्बन्धी देहाय वमोजिमका मस्यौदा कार्यविधीहरु माथि छलफल भई सर्वसम्मत रुपमा स्वीकृत गरियो ।

देहाय-

१.क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८३

२. शिक्षक तथा कर्मचारी बैक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

प्रस्ताव नं. ४ पन्ध्र शैयाको अस्पताल भवन निर्माण कार्यको म्यादथप र भेरियसन आदेश स्वीकृत सम्बन्धमा।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ. व. २०७९/८० देखि श्री नव सिर्जनसिल/यस. जे. भी., धुलिखेल, काभ्रेपलाञ्चोक विच बहुवर्षीय योजनाको रुपमा सम्झौता भई झिमरुक गाउँपालिकामा सञ्चालित Construction of 15 Bed Primary Hospital at Jhimruk Rural Municipality (ठेक्का न. JRM/NCB/WORKS/01/2079/080) योजनाको, झिमरुक गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३/०६/२० गतेको निर्णय अनुसार गाउँपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी म्याद समाप्त भएको मितिदेखि लागुहुने गरी मिति २०८३/०८/०९ गतेसम्म म्याद थप गरिएकोमा उक्त निर्णय सर्वसम्मत रुपमा अनुमोदन गरियो । साथै उक्त योजनाको देहाय वमोजिमको भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

झिमरुक गाउँपालिकाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत Construction of 15 Bed Primary Hospital at Jhimruk Rural Municipality (ठेक्का न. JRM/NCB/WORKS/01/2079/080) योजनाको को Revised Estimate गरी BOQ मा उल्लेख भएका केही आईटमहरुको परिमाण थपघट भएको र केही आईटमहरु BOQ मा समावेश नभएको र सो निर्माण कार्य सम्पन्न पश्चात सञ्चालनका लागि अत्यावश्यक रहेकोले BOQ मा छुटपुट भएका तपसिल वमोजिमका आईटमहरु समावेश गरी आएको नयाँ Revised Estimate अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार भेरियशनको स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

SN	Description of Works	Unit	Quantity
	New Items		
	Plumbing Works		
1.00	Supplying and fixing of Porcelain clay white glazed EWC floor mounted Commode with low level glazed cistern with complete set	Set	15.00
2.00	15mm CP water spray Jaquar, Nova or Marc or equivalent	Nos	15.00
3.00	15mm CP Bib cock	Set	12.00
4.00	Kitchen sink stainless steel double Bowl 37" x18" long 8" deep with sink cock all complete	Set	3.00
5.00	Stainless Steel Sink of size 16"x18" Heavy	Set	5.00
6.00	Supplying and fixing stainless steel towel rod 1.5*45cm	Set	49.00
7.00	Supplying and laying of C.P. 15mm dia Angle value Jaquar, Nova or equivalent	Set	125.00
8.00	Supplying and fixing CP Gratting 110mm dia	Nos	84.00
9.00	Supplying and fixing PVC floor trap 11*7.5 cm	Nos	42.00
10.00	Supplying and Fixing 2HP Electric motor pump monoblock(cromption)	Nos	1.00

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

11.00	C.P. Grab bar European pattern 600mm long bend type Grohe, Essel or Eqv.	Set	3.00
12.00	Glass shelf with guard rails	Set	49.00
13.00	Stainless Steel 10cm Shower rose with complete set.	Set	15.00
14.00	C.P. Wall Mixer	Set	15.00
0.00	**Electrical Works**	0	-
15.00	300 mm x 50 mm/50mm x 1.6 mm Perforated Type Heavy Duty Cable Tray.	Rm	95.00
16.00	11m Steel Tubular Pole	Set	2.00
17.00	Supply Installation Testing and Connecting of 4Cx150 Sqm cupper Cable for Main line	Rm	100.00
18.00	HT INSTALLATION AND TRANSFORMER: Supply, delivery , installation , testing & commissioning of double pole structure for 11 KV supply intake with 2 nos 11 mtr. high steel tubular pole with one set of metering unit, 1 set of transformer base, 1 ft channel (2 nos), 4 ft channel (2 nos), 11KV Disc Insulator with grapher(3set 3bolt), 11 KV pin Insulator (6set) with minor materials etc.	Set	1.00
19.00	Supply installation, testing and comissioning of Standard foreign make Solar Water Heating System for entire building complex with standard material quality and workmanship with perfect finishing , all complete, as per drawing, specification and Approval of Engineer.	Set	1.00
20.00	Supply, delivery and installation of 8mtr high steel tubular pole 2 nos, 95sqmm 4 core ABC Conductore, Suspension Clamp, Anchor Clamp, Pig Tail, Stay Complete set LT, Stay wire (7/12 Swg) Stay Insulator with all complete	Set	1.00
21.00	Supply, delivery, installation, testing and commissioning of a complete battery bank suitable for 30 kVA UPS system, capable of providing a minimum backup time of 30 minutes at rated/full load, including high-quality maintenance-free VRLA/SMF batteries, complete with battery rack/cabinet, interconnecting battery cables, battery connectors and terminals, DC protection/isolator, fuses/MCB as required, cable lugs, glands, ferrules, labels, nuts, bolts, clamps, supports and all other necessary accessories for a complete and operational installation.(Exide Solar Tubular 150Ah@c20,12V)	Nos	16.00
	Civil Works		-
22.00	Providing and applying polymer modified acrylic base two component, flexible waterproofing coating in two layer applied in horizontal and vertical strokes when each coat is in tracky condition, having crack bridging to ASTM C836>2.0 mm Elongation to ASTM D412-16 192% and water tightness when installed, 2.5 bar meeting the over the prepared RCC Slab and on the vertical surliaces. After 3 days ponding the area with water for 3days to test water tightness etc all Complete.	Sqm	1,367.80
23.00	1.2 mm thick flexible waterproofing membrane consisting HDPE carrier sheet	Sqm	86.26

प्रस्ताव नं. ५ पन्ध्र शैयाको अस्पताल सञ्चालनको लागि जनशक्ति तथा आवश्यक औजार/ उपकरण माग गर्ने सम्बन्धमा।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताल भवन निर्माणको कार्य अन्तिम चरणमा पुगी मिति २०८३ मंसिर ९ गतेपछि निर्माण कम्पनीले गाउँपालिकालाई हस्तान्तरण गर्ने अवस्था रहेको हुँदा उक्त भवनबाट आधारभूत चिकित्सकीय सेवा उपलब्धको लागि जनशक्ति र औजार/ उपकरण प्रयाप्त मात्रमा नभएकोले संघीय सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालय र नेपालको ग्रामीण स्वास्थ्य क्षेत्रमा काम गर्ने निक साईमन (Nick Simons) नामको गैर सरकारी संस्था समेतलाई आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक जनशक्ति र औजार/ उपकरण उपलब्धको लागि माग गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ६ आ.व.२०८२/८३ को समिक्षा तथा आ.व.२०८३/८४ को प्रथम चौमासिक सार्वजनिक सुनुबाई गर्ने सम्बन्धमा।

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस झिमरुक गाउँपालिकाबाट आ.व.२०८२/८३ मा भए गरेका विकास निर्माण एवं सेवा प्रवाहको समिक्षा र आ.व.२०८३/८४ को प्रथम चौमासिकसम्मको सार्वजनिक सुनुबाई कार्यक्रम आवश्यक तयारीकासाथ मिति २०८३ साल मंसिर १६ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं. ७. टोल विकास संस्थाहरु दर्ता गर्ने सम्बन्धमा ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा झिमरुक गाउँपालिका टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि,२०७८ पहिलो संशोधन, २०८३ को अधीनमा रही सहकर्मी समाज, नेपाल नामक संस्थाद्वारा गठन गरिएका टोल विकास संस्थाहरूलाई वडा कार्यालयमा नियमानुसार दर्ता गर्ने र दर्ता भएका टोल विकास संस्थाहरूलाई तोकिएको कार्यविधि बमोजिम परिचालन तथा सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ८ आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।

निर्णय नं ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयमा आन्तरिक लेखा परीक्षकको दरवन्दी भएतापनि हाल उक्त पद रिक्त रहेको कारण आन्तरिक लेखा परीक्षण गर्न समस्या भएको हुँदा आ.व. २०८३/८४ को आ.ले.प. कार्यको लागि ऐरावती गाउँपालिकामा कार्यरत आ.ले.प. अधिकृतलाई झिमरुक गाउँपालिकामा खटाई पठाउन ऐरावती गाउँपालिकाको कार्यालय, प्युठानलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ९ विविध सम्वन्धमा ।

विविध ९ (क) कार्यविधि संशोधन सम्बन्धमा ।

निर्णय नं. (क)

प्रस्ताव नं ९ विविध (क) माथि छलफल गर्दा अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुका लागि थप सामाजिक सुरक्षा अनुदान कार्यविधि, २०८१" को दफा ५ को खण्ड (ख) मा परिमार्जन गर्ने सम्बन्धमा छलफल गरियो। छलफल पश्चात्, उक्त खण्डमा उल्लेख भएको अनुदान उपलब्ध गराउने अवधि "हाललाई २ वर्षसम्म" भन्ने व्यवस्थाको सट्टा १ वर्ष थप गरी "हाललाई ३ वर्षसम्म" कायम गर्ने र सोही बमोजिम कार्यविधि संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>संशोधन पश्चात् कायम भएको दफा ५ को खण्ड (ख) को पूर्ण पाठ-</u>

(ख) उक्त रकम गाउँपालिकाले छनौट गरेका किसानहरुलाई हाललाई ३ वर्षसम्म उपलब्ध गराउने छ। उक्त अवधि भित्र किसानले स्वेच्छाले कृषि पेशा त्यागेमा गाउँपालिकाले रकम उपलब्ध गराउन बाध्य हुने छैन।

विविध ९ (ख) टि.ओ.डि.मिटरको लागि सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं. ९ (ख)

प्रस्ताव नं ९ विविध (ख) माथि छलफल गर्दा पन्ध्र शैयाको अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा रहेकोले उक्त भवनबाट चिकित्सकीय सेवा सञ्चालन गर्न अक्सिजन प्लान्ट, डिजिटल एक्स-रे, ल्याब उपकरण र इमर्जेन्सी ब्याकअप जस्ता उच्च विद्युत खपत गर्ने मेसिनहरू समेत जडान गरी सञ्चालनमा ल्याईने हुँदा यी उपकरण सञ्चालन गर्न ३-फेज लाइन आवश्यक हुने भएकोले टि.ओ.डि मिटर उपलब्धको लागि नेपाल विद्युत प्राधिकरण, प्युठानशाखालाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।साथै उक्त मिटर जडान गरी सेकपछि लाग्ने विद्युत महशुलको हकमा गाउँपालिका मातहत रहेको झिमरुक आधारभूत अस्पताल बिकास समिति मार्फत नियमित भुक्तानी गरिने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विविध ९ (ग) आर्थिक सहयोग सम्बन्धमा ।
निर्णय नं. ९ (ग)

प्रस्ताव नं ९ विविध (ग) माथि छलफल गर्दा तपसिल बमोजिमका संस्था र व्यक्तिबाट आर्थिक सहयोग मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

क्र.सं.	आर्थिक सहयोग माग गर्ने संस्था र व्यक्तिहरूको नाम, ठेगाना	आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन	रकम (रु.)	शीर्षक
१	दिहाल्ना खेलकुद पर्यटन विकास कार्यक्रम झिमरुक-८, दिहाल्ना, प्युठानको आर्थिक सहयोग उपलब्ध सम्बन्धी पत्र अनुसार	झिमरुक गाउँपालिकाको वडा नं.-८ मा अवस्थित दिहाल्ना खेलमैदानमा मिति २०८३ कार्तिक ७ गतेदेखि १५ गतेसम्म लालिगुँरास T20 कप खुल्ला क्रिकेट प्रतियोगिता आयोजना सञ्चालनको लागि आर्थिक सहयोग माग गरेको हुँदा	१,०१,०००/-	आर्थिक सहायता
२	झिमरुक– ६, निवासी सुजन श्रेष्ठ	प्युठान नगरपालिकामा मिति २०८३/७/१२ गते भएको पुरुष भलिवल प्रतियोगितामा सहभागि हुन जाँदा यातायात, खाना, बस्न र जर्सीको व्यवस्थापनको लागि आर्थिक सहयोग	१५,०००/-	आर्थिक सहायता
३	झिमरुक– ८, गव्दी निवासी भरत के.सी.	निवेदक मृगौला रोगी भएका कारण मृगौला प्रत्यारोपण समेत गरी अस्पतालमा उपचाररत रहेकोले उपचार सहयोगको लागि	३०,०००/-	आर्थिक सहायता

विविध ९ (घ) मर्मत संभार कोषमा रकम जम्मा गरी मोटरबाटो मर्मतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।
निर्णय नं. ९ (घ)

प्रस्ताव नं ९ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका भित्रका बिभिन्न वडाहरुमा रहेका मोटरबाटाहरु मर्मत संभारको लागि आ.व.२०८३/८४ मा गाउँपालिकातर्फ रु २० लाख र प्रत्येक वडाहरुतर्फ रु ५/५ लाख गरी कुल जम्मा रु ६० लाख मर्मत संभारकोष खातामा जम्मा गरी सोही कोष मार्फत बिभिन्न मोटरबाटहरुको मर्मत संभारको कार्य अगाडि बढाउने निर्णय गरियो । साथै झिमरुक गाउँपालिमा वडा नं. ६ र ५ अन्तर्गत रहेको घुम्नेठाँटी -ज्यामुरखोला -मच्छी ढाड मोटरबाटो वर्षाद्को समयमा पहिरो गएको र खाल्डाखुल्डी परेका कारण अवरुद्ध भई दैनिक आवागमनमा समस्या रहेको अवस्थामा उक्त मोटरबाटो मर्मतको लागि बि.एम. कन्स्ट्रक्सन झिमरुक-५,मच्छीबाट मर्मत संभारको कार्य भएको हुँदा प्राविधिक कार्य सम्पन्न मूल्याङ्कन बमोजिमको रकम रु १२,८२,३३८।(अक्षरेपि बाह लाख बयासी हजार तीनसय अड्तीस रुपैया) मर्मत संभार कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

उपरोक्त निर्णयहरु गर्दै आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ बमोजिम प्रमाणित गर्दछु ।

२०८३/०६/१८
अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत